जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १७८ २०८० साल फागुन ३ गते बिहीबार (15 Feb. 2024 Thursday) मूल्य रु. ५/-


**Log in : rajbirajdainik.com.np**

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

यस अंक भित्र : २ पृष्ठमा : निजामती सेवा : संघ र प्रदेशका.. ३ पृष्ठमा : कङगोको शरणार्थी शिविरमा ..४ पृष्ठमा : माओवादी भेलाको प्रस्ताव :..

# प्रमुख प्रशासकीय अधिकृत गुरुङलाई नियमित कामकाज गर्न दिन अदालतको अन्तरिम आदेश





उच्च अदालत जनकपुर, राजविराज इजलास
एक न्यायाधीशको इजलास
इजलास नं. ४
माननीय न्यायाधीश श्री कोशलचन्द्र सुवेदी
आदेश
मुद्दा नं.:- ०८०-WO-०७५९

विष्णु प्रसाद गुरुङ ............................ निवेदक

विरुद्ध

राजविराज न.पा. कार्यालयको नगर प्रमुख इसरत प्रविणसमेत ............................ विपक्षी

मुद्दा:- उत्प्रेषण।

प्रस्तुत निवेदन संहित मिसिल अध्ययनका साथै निवेदकले कानून व्यवसायी नियुक्त नगरेकोले निज स्वयले राखेको भनाई समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग वमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग वमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सोसमेत उल्लेख गरी म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद बाहेक १५(पन्ध्र) दिनभित्र विपक्षीहरुको नाममा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनि प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु होला ।

प्रस्तुत मुद्दामा निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको तर्फ विचार गर्दा, निवेदकले निवेदनमा उठाएको विषयवस्तुवाट माग वमोजिम अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा दुवै पक्षको उपस्थितिमा छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त हुने देखिंदा सो प्रयोजनको लागि मिति २०८०।११।०६ गतेका दिन पेसी तोक्नु । निवेदक नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार राजविराज नगरपालिकामा कामकाज गर्न खटिई मिति २०८०।५।२५ देखि हाजिर भै कार्यरत रहेकोमा राजविराज नगरपालिकाको च न १७३० मिति २०८०।१०।२२ को पत्रबाट मिति २०८०।११।१ देखि लागू हुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाइएको भन्ने देखिएको, निवेदकले आफू नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय अनुसार मात्र फिर्ता हुन सक्ने सन्दर्भ रहेको हाल आफूलाई हाजिर भै नियमित कामकाज गर्न अवरोध गर्न सक्ने सम्भावना रहेको भनी उल्लेख गरेको हुँदा अन्तरिम आदेशको छलफलको लागि पेशी तोकिएको मितिसम्म निवेदकलाई हाजिर भै नियमित कामकाज गर्न अवरोध नगर्नु गर्न नदिनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरुको नाउँमा अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ, सोको जानकारी विपक्षीहरुलाई दिनुहोला।

न्यायाधीश

इति सम्वत् २०८० साल फाल्गुन महिना ०२ गते रोज ४ शुभम् ............................।
नेपाल संम्वत ११४४ सिल्लाध्व, ५ वुधवार

**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

उच्च अदालत जनकपुर-राजविराज इजलाशले राजविराज नगरपालिकाको कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतलाई नियमित कामकाज गर्न दिन बुधबार अन्तरिम आदेश जारि गरेको छ ।

प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद गुरुङलाई संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालय फिर्ता पठाउने नगरपालिकाको निर्णय विरुद्ध परेको उत्प्रेसन रिटमा अदालतले सो अल्पकालिन अन्तरिम आदेश जारी गरेको हो ।

रिट उपरको सुनवाई गर्दै न्यायाधिश कौशल चन्द्र सुवेदीको इजलासले अन्तरिम आदेश जारी गरेको हो । आदेशमा यसमा के कसो भएको हो ? निवेदकको माँग बमोजिमको आदेश किन जारी हुनु नपर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी १५ दिन भित्र आफै वा कानुन बमोजिमको प्रतिनीधी मार्फत लिखित जवाफ पेश गर्नु भनी उल्लेख छ ।

आदेशमा फागुन ६ गते दुबै पक्षको उपस्थितीमा छलफल गराइ निष्कर्षमा पुग्न उपयुक्त हुने भन्दै सो प्रयोजनका लागी सोही दिनको पेशी समेत तोकिएको छ ।

यस्तै आदेशमा अन्तरिम आदेशको छलफलका लागी पेशी तोकिएको मिति सम्म निवेदकलाई हाजिर भई नियमित कामकाज गर्न अवरोध नगर्नु/गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरि दिएको समेत उल्लेख गरिएको छ ।

राजविराज नगरपालिकाले मंगलबार प्रमुख प्रशासकिय अधिकृत गुरुङलाई संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो । सो निर्णय गैरकानुनी भएको भन्दै निर्णय बदरका लागी उत्प्रेसन आदेश जारी गरी पाउँ भनी उनी न्याय खोज्दै अदालत पुगेका हुन् ।

नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको अध्यक्षतामा गत माघ १९ गते वसेको कार्यपालिकाको बैठकले कर्मचारी भन्दा राजनीती गर्न खोजेको र कार्यालयको काममा उदासिन रहेको आरोप लगाउदै प्रमुख प्रशासकिय अधिकृत गुरुङलाई मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो ।

उक्त निर्णयको जानकारीसहित फिर्ता पठाइएको पत्र प्रमुख प्रशासकिय अधिकृत गुरुङलाई मंगलबार थमाइएपछी उनी अदालत पुगेका थिए ।

उनी अदालत पुगेको खबर पाएपछि झन आक्रोशित बनेका केही वडाअध्यक्ष उनको कार्यकक्ष र निवास स्थलामा समेत तालाबन्दी गरेका थिए । यद्दपी निवासमा गरिएको तालाबन्दीको व्यापक आलोचना भएपछि मंगलबार राती ८ बजे तालाबन्दी खोलिएको थियो ।

प्रमुख प्रशासकिय अधिकृत गुरुङले कुनै पनि पालिकाका जनप्रतिनीधीलाई संघिय सरकार मातहतका कर्मचारीलाई फिर्ता पठाउने र सरुवा गर्ने अधिकार नरहेको भन्दै सो निर्णय विरुद्ध कार्यवाहक नगर प्रमुख परवीनलाई विपक्षी बनाउदै अदालतमा उत्प्रेसन रिट दायर गरेका थिए ।

# मेयरको हत्या गर्न ३६ लाखको सुपारी लिने सुटर भारतको तामिलनाडुबाट पक्राउ



गौर नगरपालिकाका मेयर शम्भु साह

**दैनिक समाचारदाता**
**रौतहट, २ फागुन ।**

प्रहरीले एक स्थानीय पालिकाका प्रमुखलाई हत्या गर्न सुपारी लिएका सुटरलाई भारतबाट पक्राउ गरेको छ ।

रौतहटको गौर नगरपालिकाका मेयर शम्भु साहको हत्या गर्न सुपारी लिएका सुटरलाई प्रहरीले भारतको तामिलनाडु राज्यबाट पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारतका कुख्यात अपराधी चंचल पाण्डे छन् । उनलाई मेयर साहको हत्या गर्न सुपारी दिइएको प्रहरी अनुसन्धानबाट खुलेपछि सुपारी लिने सुटरलाई भारतीय प्रहरीको सहयोगमा नेपाल प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

बाराको कलैयामा रहेको बाल एकता इंग्लिस बोर्डिङ्ग स्कूलका सञ्चालक तथा प्रिन्सिपल रूपेश सर्राफको हत्या काण्डमा पक्राउ परेका भारतीय सुटर सुजित सिंहले मेयर साहको हत्या गर्न पाण्डेले सुपारी लिएको प्रहरीलाई बयान दिएका थिए ।

मेयर साहको हत्या गर्न नेपाली रुपैया ३६ लाख मा 'डिल' भएको र पाण्डेले आधा रकम लिइसकेको अनुसन्धानको क्रममा खुलासा भएको थिए ।

रूपेश सरार्फ हत्याकाण्डमा मनोज गुप्ता, अरुण यादव तथा सुजित सिंहलगायतका कुख्यात अपराधीहरू पहिले नै पक्राउ परिसकेको र हत्याको मुख्य अभियुक्त चंचल पाण्डे रहेको अनुसन्धान पछि खुलेको प्रहरीको भनाई छ ।

रूपेश हत्याकाण्डमा पक्राउ परेका सिंहपछि प्रहरीको 'मस्ट वान्टेड' सूचीमा रहेका पाण्डे भारतको तमिलनाडुमा लुकेर बसेको जानकारीपछि नेपाल प्रहरी र तमिलनाडु प्रहरीले संयुक्त अपरेसन थालेर पक्राउ गरेको थियो । संयुक्त अपरेसनमा पक्राउ परेका पाण्डेलाई नेपाल ल्याएर थप अनुसन्धान थालिने बताइएको छ ।

गौर नगरपालिकाका मेयर साहको हत्या गराउन पाण्डेलाई कसले र किन रकम उपलब्ध गराएको हो भन्ने खुलिसकेको छैन ।कस यता गौरका मेयर साहले आफू अलिकति पनि विचलित नभएको र प्रहरीले आफ्नो काम गरिरहेको प्रतिक्रिया दिएका छन् ।

# गाईको बाच्छो मारि खाएको आरोपमा तीन जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा गाईको बाच्छो मारि खाएको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १३ वस्ने २५ वर्षिय मो. समसाद, ३५ वर्षिय कैजुन मंसुरी र ४० वर्षिय जमुल मन्सुरी छन् ।

स्थानीयले बाच्छो काट्न प्रयोग गरिएको घरेलु हतियारसहित तीनै जनालाई पक्राउ गरि बुधबार इलाका प्रहरी कार्यालय हनुमाननगरमा बुझाएका थिए ।

वडा अध्यक्ष अजय यादवका अनुसार चार दिन अघि स्थानीयवासी तेज नारायण यादव सिपलियाको गाईको बाच्छो चोरी भएको थियो । सो बारे पत्ता लगाउने क्रममा ती तिनै जनाले चोरी गरी लगेको र मारेर खाएको खुल्न आएपछि बाच्छो काटेर मार्ने क्रममा प्रयोग गरिएका घरेलु हतियार समेत नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाइएको हो ।

वडा अध्यक्ष यादवले उनीहरु यस अघि पनि गाउँघरमा पशु चौपाया चोरी गरी मार्ने, काटेर खाने तथा वेच विखन गर्ने कार्यमा संलग्न रहदै आएको बताए । सोही शंकाको आधारमा उनीहरुलाई नियन्त्रणमा लिइ केरकार गर्दा सिपलीयाको गाईको बाच्छो चोरी गरी लगेर मारेर खाएको स्वीकार गरेपछि प्रहरीको जिम्मा लगाइएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले इलाका प्रहरी कार्यालय हनुमाननगरको हिरासतमा रहेका तिनै जनामाथी अनुसन्धान सूरु गरिएको र अनुसन्धान सकिएपछि कानुन बमोजिम कारवाही प्रकृया अघि बढाइने जानकारी दिएका छन् ।

**वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं**

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्यमा ध्यान दिऔं

खानपिनका कारण अहिले हाम्रो स्वास्थ्यमा निकै असर परिरहेको छ । जसकारण हामी विभिन्न रोगहरुसँग समेत जुद्धिरहेका छौं । अहिले हामी अति व्यस्त जिवन बाचिरहदा स्वास्थ्यमा थोरै पनि समय दिइरहेका छैनौं । स्वास्थ्यलाई सिधै हानि पुऱ्याउने खालका खानेकुराहरु विक्रि वितरण भइरहेको देख्दा देख्दै पनि हामी त्यही खाना खान बाध्य हुन्छौं । समय अभावका कारण हामी त्यही खाना खाएर आफ्नै स्वास्थप्रति खेलवाड गरिरहेका हुन्छौं ।

जिल्लाका विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । तर, त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन । सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले नगरमा यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ । अधिकांश होटलहरुमा पाईने खानेकुराहरु न त छोपेको हुन्छ, न त स्वच्छ र सफा नै, तर पनि आमउपभोक्ताहरु रहर होईन बाध्यता भुख लागेको खण्डमा ती बाँसी तथा सडेगलेका खानेकुराहरु खादै आएका छन् ।

तसर्थ सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरुप्रति सम्बन्धित निकायले पनि नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्ने आवश्यकता रहेको छ । यस्ता खानेकुरा प्रति ध्यान दिन सकेनौं भने बिरामी भई उपचारमै सम्पत्ति खर्च हुने तथा परिवारलाई दुःख हुने कुरामा दुईमत नहोला ।

# निजामती सेवा : संघ र प्रदेशका कानुन बाझिए, कर्मचारी अन्योलमा

**टिकाराम सुनार**

जनकपुरधाम, १ फागुन (रासस) ।

कृषि ज्ञान केन्द्र सप्तरीको प्रमुखबाट गत भदौ ३० गते सेवानिवृत्त हुनुभएका राजेन्द्रप्रसाद यादवले अहिलेसम्म पनि अवकाश पत्र पाउनुभएको छैन । अवकाश पत्र नै नपाएपछि सेवासुविधा पाउने कुरै भएन । उहाँ मात्रै होइन, सेवानिवृत्त भएर पनि अवकाश पत्र नपाउने उहाँजस्तै धेरै कर्मचारी छन् मधेश प्रदेशमा ।

त्यसरी अवकाश पत्र दिने जिम्मेवारी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको छ । तर सो कार्यालयले सङ्घीय र प्रदेश सरकारको कानुन बाझिएका कारण अवकाश पत्र नदिएको दाबी गरिरहेको छ । विद्यमान निजामती सेवा ऐन तथा नियमावलीअनुसार ५८ वर्ष उमेर पुगेपछि अनिवार्य अवकाशमा जानुपर्ने कर्मचारीले प्रदेशको कानुनलाई टेकेर सर्वोच्च अदालतबाटअन्तरिम आदेश ल्याएर काम गर्न थालेपछि समस्या थप पेचिलो बनेको हो ।

मधेश प्रदेश निजामती सेवा ऐन, २०७७ र नियमावली, २०७९ को प्रावधानले अवकाशको उमेर हद ६० वर्ष तोकेको छ । विसं २०७७ माघ २८ गते प्रमाणीकरण भई लागू भएको प्रदेश निजामती सेवा ऐनको दफा ५४ मा अनिवार्य अवकाशबारे भनिएको छ, "प्रदेश निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउनेछ ।" यही प्रावधानअनुसार अदालतबाटअन्तरिम आदेश ल्याएका कर्मचारीहरूले ६० वर्षसम्मै काम गर्ने तर अवकाशपछिको अर्थात् ५८ वर्षदेखि ६० वर्षबीचका दुई वर्षको आर्थिक दायित्व कसले लिने भनेर प्रष्ट नभएकाले समस्या आइरहेको पाइएको छ । यही उल्झनका कारण महत्वपूर्ण समय सरकारी सेवामा बिताएका कर्मचारीहरूले अवकाशमा जाँदा कानुनी झमेलामा फसिरहेका छन् ।

त्यही झमेला भोगिरहनुभएका सेवानिवृत्त यादवले भन्नुभयो, "सङ्घीय कानुनअनुसार मैले २०७८ भदौ ३० गते अवकाशमा जानुपर्ने भयो तर प्रदेशको कानुनमा टेकेर मैले र अरु थुप्रै साथीहरुले 'स्टेअर्डर' लियौं । त्यतिबेला नियमावली आएको थिएन", यादवले भन्नुभयो, "ऐनअनुसार ६० वर्ष सेवा गरेर अवकाश पाइसकेको छु तर अहिले नियमावलीले फरक व्यवस्था गरेको भनेर अवकाश पत्र पाएको छैन । सरकारले स-सम्मान घर पठाउनुपर्ने बेला उल्टै मानसिक तनाव दिएर घर पठाएको छ ।"

ऐन आएको झण्डै १६ महिनापछि अर्थात विसं २०७९ जेठ १४ गते राजपत्रमा प्रकाशित भई प्रदेश निजामती सेवा नियमावली लागु भयो । सो नियमावलीको नियम १४२ मा भनियो, "ऐन प्रारम्भ भएपछि भर्ना भएको कर्मचारीको अवकाश उमेर साठी वर्ष तथा समायोजन भई आएका कर्मचारीको हकमा निज भर्ना भएको सेवा समूहसँग सम्बन्धित कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।"

तर नियमावली आउनुअघि नै धेरै कर्मचारीले ऐनको व्यवस्थालाई टेकेर काम गरिसकेका थिए । अहिले सङ्घबाट समायोजन भई आएका ती कर्मचारीलाई पनि अवकाश पत्र दिइएको छैन । यादव भने सरकारले समयमै ऐन कानुन नबनाउँदा र कानुनमा एकरुपता कायम गर्न नसक्दाको दोष कर्मचारीमाथि थोपरेर तनाव दिन नहुने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "म विसं २०१३ को निजामती सेवा ऐन, नियमावलीको ६० वर्षे उमेर हदअनुसार सेवा प्रवेश गरेको थिएँ । बीचमा ५८ वर्ष बनाइयो र प्रदेशमा आएपछि फेरि ६० वर्ष भनियो । सेवा प्रवेश गर्दा ६० वर्षका लागि शपथ खाएको मैले प्रदेशको ऐनअनुसार काम गर्न पाऊँ भन्नु कसरी गलत हुन्छ ? त्यहीअनुसार सर्वोच्च अदालतबाट आदेश पनि भयो । तर अहिले अवकाश पत्रका लागि तनाव बेहोरिरहेको छु ।"

केन्द्रको कानुनअनुसार गत मङ्सिर २४ गते नै अवकाश पाइसक्नु भएका विपिनकुमार झा अदालतबाट स्टेअर्डर लिएर अहिले वन तथा वातावरण मन्त्रालयमा वरिष्ठ जलाधार व्यवस्थापक (१०औँ तह) पदमा कार्यरत हुनुहुन्छ । "काम त गरिरहेको छु, तर मानसिक द्वन्द्वको अवस्थामै छु । ६० वर्ष गुजारेर गएका अन्य कर्मचारीले सेवासुविधाका लागि झेल्नुपरेको समस्या र पीडा देखेर छोडौंजस्तो लाग्छ । प्रदेश कानुनअनुसार काम गर्नु भनेर अदालतले दिएको फैसला हेर्दा काम गरौंजस्तो लागिरहेको छ । द्विविधामै छु", झाले भन्नुभयो ।

सर्लाहीका तत्कालीन डिभिजनल वन अधिकृत माधव देवले भने अदालतबाट 'स्टेअर्डर' लिएर पनि अरुको कानुनी उल्झन देखेर सेवालाई निरन्तरता दिनु भएन । विसं २०७८ मङ्सिर १५ गते सङ्घको कानुनअनुसार अवकाश पाउने समय थियो । अरुले जस्तै उहाँ पनि अवकाश पाउनुअघि नै स्टेअर्डरका लागि अदालत जानुभयो । तर सेवानिवृत्त भएको चार दिनपछि अर्थात् सोही महिनाको १९ गते अदालतले काम गर्नु गराउनु भनी स्टेअर्डर जारी गऱ्यो । राससस‌ँग देव भन्नुहुन्छ, "अरुले गरेको अभ्यास र प्रदेशको ऐनअनुसार मैले पनि रिट दर्ता गरेँ, त्यहीअनुसार फैसला पनि आयो । तर कानुनको उल्झन र अरु कर्मचारीले भोगेको तनाव देखेर फर्किनै मन लागेन ।"

मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रामकृष्ण पुडासैनीले पनि सो कुरा पुष्टि गर्नुभयो । अदालतको आदेश लिएर आउनेहरुको संख्या दिनानुदिन बढ्दै गएको उहाँले जानकारी दिनुभयो । "कानुनको झमेलामा किन पर्नु भनेर धेरैले ५८ वर्षमै अवकाश लिइरहेका छन् । तर कतिपयले प्रदेशको ऐन कार्यान्वयनका लागि भनेर सर्वोच्चबाट अन्तरिम आदेश लिएर आउँछन् । उनीहरुलाई हाजिर गराउनै पऱ्यो", पुडासैनीले भन्नुभयो, "सर्वोच्चले भनेपछि मान्नैपर्ने तर भोलि उनीहरुको निवृत्तीभरण र उपदानको रकम कसरी र के आधारमा टेकेर दिने भन्ने अन्यौल छ । त्यसैले अवकाश पत्र दिने गरिएको छैन ।"

अवकाश पत्र दिँदा दुई वर्षको आर्थिक दायित्व (पेन्सन पट्टा) को समेत कुरा आउने र त्यो कसले बेहोर्ने भनेर प्रष्ट नहुँदा समस्या भइरहेको पुडासैनीको कथन छ । "५८ वर्ष र ६० वर्ष उमेर हुँदा पाउने उपदान र निवृत्तीभरण रकम नै फरक पर्छ । त्यो बीचको आर्थिक तथा अन्य कामकारवाहीको दायित्व सङ्घीय सरकारले लिने देखिँदैन । निजामती किताबखानामा पेन्सन पट्टा बनाउन जाँदा ५८ वर्षभन्दा माथिलाई चिन्ने अवस्था छैन । त्यसैले हामी द्विविधामा छौँ", सचिव पुडासैनीले राससलाई सुनाउनुभयो ।

राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक बैकुण्ठनिधि शर्मा विद्यमान ऐनले निजामती कर्मचारीको उमेरहद ५८ वर्षलाई नै मान्ने भएकाले किताबखानाले सोही व्यवस्थाअनुसार काम गर्ने बताउनुहुन्छ । "तोकिएको उमेरहद नाघेरदुई वर्ष बढी सेवा गरेर पाउने थप पेन्सनको कुरा अहिलेको कानुनअनुसार गणना गर्नसक्ने अवस्था छैन । ५८ वर्षको जति हुन्छ, त्यहि आधारमा गणना गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "सङ्घीय निजामती सेवा ऐनमार्फत् यो विषयलाई सम्बोधन गरेको खण्डमा केही निर्णय लिन सकिएला । कानुन नबनिसकेको अवस्थामा अहिलेलाई यो मिल्दैन ।"अहिले अदालतको आदेशले काम गरेपनि भोलि त्यो अवधिको सेवा सुविधा र गणना हुनुपर्ने पेन्सनपट्टा नपाएको अवस्थामा दुःख हुनेठानेर केही कर्मचारी भने ५८ वर्षमा नै अवकाश लिइरहेको पनि उहाँको भनाइ छ ।

अहिले कर्मचारीले भोगिरहेको यो कानुनी र प्रशासनिकउल्झनबारे सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भलिभाँती जानकार भएपनि कसरी सुल्झाउने भनेर ठोस निश्कर्षमा पुगिसकेको छैन । सङ्घीय निजामती ऐन नबनिसकेको अवस्थामा अहिले देखिएका अप्ठेरोलाई कसरी सम्बोधन गर्ने भनेर मन्त्रालयबाट हालसम्म कुनै निर्णय नभएको र मन्त्रालय निर्णय लिन सक्ने अवस्थामा पनि नरहेको सचिव विनोद प्रकाश सिंह बताउनुहुन्छ । "उमेरहद ५८ वर्षभन्दा बढीको पेन्सनपट्टा बनाउने, प्रदेशमा जाँदा पद बढ्ने भन्नेजस्ता सन्दर्भमा मन्त्रालयबाट कुनै निर्णय भएको छैन । त्यो विषयलाई हामीले सम्बोधन गर्नसक्ने अवस्था पनि छैन," उहाँले भन्नुभयो, "सङ्घीय निकायहरुले विद्यमान कानुन बन्दा बाहिरका विषयलाई सम्बोधन गर्दैनन् । जुन प्रदेशले कानुन बनाउँछ, उसैले व्यवस्थापन गर्ने विषय हो । अदालतले आदेश दिएको विषयलाई हेर्ने कुरा अलग छँदैछ ।" सङ्घीय निजामती ऐन बन्नु अगावै प्रदेशहरुले ऐन बनाएको र विद्यमान ऐनभन्दा फरक पर्नेगरी व्यवस्था ल्याएका कारण यस्तो समस्या देखिएको सचिव सिंहको बुझाइ छ । सङ्घीय निजामती ऐन चाँडै ल्याएर अहिले देखिएका समस्या त्यसमार्फत् समाधान गर्न सकिने विकल्प पनि बाँकी रहेको उहाँ बताउनुहुन्छ ।

**कर्मचारी व्यवस्थापनमा पनि अन्यौल**

उमेर हद मात्रै होइन, प्रदेशमा बेलाबेला उत्पन्न हुने अर्को झमेला हो- प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन । प्रदेश निजामती सेवा ऐनको दफा १२३ को सङ्घीय निजामती कर्मचारीसम्बन्धी व्यवस्थामा सम्बन्धित सेवाका कर्मचारी उपलब्ध नभएमा मात्र सङ्घीय निजामती सेवाका कर्मचारीलाई खटाउन सकिने व्यवस्था छ ।

दफा १२३ (२) मा प्रदेश निजामती सेवाका कर्मचारीहरू प्रमुख सचिव र प्रदेश सचिव पदमा बढुवा नहुञ्जेलसम्मका लागि मात्रै सङ्घबाट खटिएका विशिष्ट श्रेणीकालाई मुख्य सचिव र प्रथम श्रेणीका कर्मचारीलाई मन्त्रालयको सचिवमा कामकाज गराउने भनेको छ । १२३ (४) प्रादेशिक संरचनाभित्रको कुनै कार्यालय वा निकायको कार्यालय प्रमुखको पदमा सरुवा वा पदस्थापन गर्दा प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राथमिकता दिइने भनिएको छ । तर सङ्घीय ऐन, नियमले भने मुख्य सचिव, प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सङ्घबाटै खटाउने व्यवस्था गरेको छ ।

यही द्विविधाका कारण समस्या भोग्नेमा हुनुहुन्छ जगन्नाथ जयसवाल । उहाँ वन तथा वातावरण मन्त्रालयका तत्कालीन सचिव विशाल घिमिरेको सरुवा भएपछि विसं २०७९ चैत अन्तिममा निमित्त सचिव र पछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयअनुसार गत भदौ ३० प्रदेश सचिव बन्नुभयो । तर जयसवाललाई सचिव तोकिएको केही महिनामै सङ्घीय सेवाका सहसचिव उद्धवबहादुर घिमिरे वन मन्त्रालयको सचिव हुने गरी सरुवा भएर आउनुभयो ।

प्रदेशले तोकेको सचिवको अर्को व्यवस्था नभएको र केन्द्रबाट कर्मचारी खटी आएपछि मुख्य जिम्मेवारी कसले लिने विषयमा द्विविधा भयो । यो दुविधाका कारण कर्मचारीले केही समय तलबसमेत लिन पाएनन् । तर यही माघ आठ गतेको पत्रअनुसार जयसवाल १०

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## निजामती सेवा : संघ र...

गते मन्त्रालयबाट रमाना लिएर मुख्यमन्त्री कार्यालयमा सरुवा हुनुभएको छ ।

"११ औँ तहमा बढुवा भएपछि मेरो पद प्रदेश वन निर्देशक हो । तर सो पद रिक्त राखेर सुरुमा निमित्त र पछि प्रदेश सचिव भनेर मन्त्रालयमा खटाइयो", जयसवालले भन्नुभयो, "मलाई जिम्मेवारी दिइसकेपछि प्रदेश सरकारले बचाउ गर्नुपर्थ्यो या त सङ्घबाट सरुवा भएका कर्मचारी हाजिर नहुँदै मेरो व्यवस्थापन हुनुपर्थ्यो । तर डेढ महिनाभन्दा बढी समयसम्म समस्या भयो । कोष तथा लेखा नियन्त्रक कार्यालयले नयाँ सचिवको हस्ताक्षर चल्ने भए पहिलेको सचिवको के गर्ने? भनेर प्रश्न उठाएपछि मात्रै हतारमा अतिरिक्त समूहमा मुख्यमन्त्री कार्यालय ल्याइएको छ ।"

नेपाल मधेशी कर्मचारी मञ्चका महासचिव बेचनकुमार महतोले संविधानले परिकल्पना गरेअनुसार समयमै सङ्घीय ऐन कानुन नआउँदा समस्या भइरहेको गुनासो गर्नुभयो । "प्रदेश सचिव, प्रमुख प्रशासकीय अधिकृत केन्द्रबाट पठाउने प्रावधान छ, तर प्रदेशले पनि आफ्नो कर्मचारी उपलब्ध भएमा सो जिम्मेवारी दिने व्यवस्था गऱ्यो । एक जना मात्रै भएको अवस्थामा त केही छैन तर दुई जना सँगै उपस्थित भएमा त समस्या हुने भयो । त्यही समस्या वन मन्त्रालयमा देखिएपछि केही समय तलब नै दिन सकिएन", महतोले भन्नुभयो । उहाँले नयाँ परिवेशमा बनेका प्रदेश ऐन नियममा नयाँ व्यवस्था गरिएको तर सङ्घीयता कार्यान्वयनमा आएको आठ वर्षसम्म पनि सङ्घीय सरकारले ऐन नबनाएपछि कर्मचारीहरु पीडित भएको बताउनुभयो । "जिम्मेवारी, सरुवा, बढुवालगायत थुप्रै विषयमा कानुन बाझिएका छन् । जे गर्दा पनि समस्या आउने भएपछि कर्मचारीमा नैराश्यता छ । अनि कसरी सेवाप्रवाहमा उत्साह सिर्जना गर्न सकिन्छ ?", उहाँले प्रश्न गर्नुभयो ।

मधेश प्रदेशका मुख्य न्यायाधीवक्ता वीरेन्द्रकुमार ठाकुरले प्रदेश सरकार र कर्मचारी प्रशासनले हरेक पाइला-पाइलामा कानुनी उल्झनको सामना गर्नु परिरहेको बताउनुभयो । "प्रदेशले बदलिँदो समयअनुसारका ऐन कानुन बनायो, तर नेपाल सरकारले सङ्घीयतालाई आत्मसात गर्न आनाकानी गरेर समय सापेक्ष कानुन बनाएन", ठाकुर भन्नुहुन्छ, "यसको असर सेवाप्रवाहमा पर्न थालेको छ ।"

मुख्यमन्त्री कार्यालयका सचिव पुडासैनीले सङ्घ र प्रदेशको कानुन बाझिएको अवस्थामा व्यवस्थापनमा समस्या हुने गरेको स्वीकार्नु भयो । "केही समयअघि प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा एकैपटक दुई सचिव भएपछि समस्या भयो । स्थानीय तहमा पनि बेलाबेला यस्तै समस्या आउने गरेको हामी सुन्छौं", पुडासैनीले भन्नुभयो, "समयमै सङ्घीय कानुन बनाइएको भए वा कानुनमा एकरुपता भए यस्तो समस्या आउँथेन होला ।"

जिम्मेवारी र उमेर हदको समस्या त छँदैछ । बढुवाको विषय पनि त्यत्तिकै पेचिलो बनेको छ । एकातर्फ जसलाई जुन नियममा टेक्दा सजिलो हुन्छ, त्यही नियममा टेकेर बढुवा हुने गरेको र अर्कोतर्फ समायोजन भएर आएका कर्मचारीलाई प्रदेश सरकारले बढुवा गर्दा अहिलेसम्म पनि केन्द्रले कतै मान्यता नदिएको कर्मचारीकै गुनासो छ ।

स्सचिव पुडासैनी पनि कर्मचारी बढुवाबारे भन्नुहुन्छ, "उदाहरणका लागि सङ्घबाट दशौँ तह ( उपसचिव) मा समायोजन भएर आएको कर्मचारीलाई प्रदेशले ११ औँ तह (सहसचिव) मा बढुवा गऱ्यो र उसको पेन्सन पट्टाका लागि निजामती किताबखाना गइयो भने त्यहाँ उपसचिवलाई मात्रै चिन्ने गरेको छ । त्यसो हुँदा कि त सङ्घीय ऐन नियमअनुसारको सेवासुविधा लिनुपर्ने नभए अदालत नै धाउनुपर्ने समस्या आइरहेको छ ।"

प्रदेशमा स्वास्थ्यलगायत विशिष्टकृत सेवा समूहका कर्मचारीको बढुवासम्बन्धी विषय झन् समस्याग्रस्त छ । प्रदेश निजामती सेवा ऐन र नियमावलीमा प्रष्ट व्यवस्था नहुँदा कतिपय अवस्थामा तजबिजी अधिकार प्रयोग गरेर बढुवा गर्ने गरिएको आरोप लाग्ने गरेको छ । यसका उदाहरण हुन्, प्रदेश लोकसेवा आयोगको बढुवा सूचना नं १५/०८०–८१ तथा सूचना नं १९/०८०–८१ अनुसार गत मङ्सिर २१ गते प्रकाशित बढुवा सिफारिस ।

विसं २०८० साउन ३२ गतेको सो सूचनाअनुसार स्वास्थ्य सेवाका नवौँ तहमा बढुवा हुने कर्मचारी हुनुहुन्छ कृष्णदेव यादव ( क.स.नं २२६०३२) र कुमार मृत्युन्जय प्रसाद (क.स.नं २१४८१३) । कृष्णदेवको जनस्वास्थ्य प्रशासक नवौँ र कुमार मृत्युन्जयको उपप्रमुख मेडिकल ल्याबटेक्निसियन (मे.टे) मा बढुवा भएको सूचनामा उल्लेख छ ।

प्रदेश निजामती सेवा ऐनमा स्वास्थ्य सेवाका कर्मचारीको बढुवाका हकमा प्रष्ट व्यवस्था गरेको पाइँदैन । ऐनको दफा ९ को प्रदेश निजामती सेवाको पदपूर्तिसम्बन्धी व्यवस्था (ख) मा प्रदेश स्वास्थ्य सेवातर्फ पनि पदपूर्तिको कुरा उल्लेख छ । त्यसैगरी, दफा ३० को बढुवाका लागि न्यूनतम योग्यताको व्यवस्था गरिएको तर स्वास्थ्यसेवाको हकमा केही कुरा बोलेको छैन । त्यस्तो अवस्थामा विद्यमान नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ आकर्षित हुनुपर्ने जानकारहरु बताउँछन् ।

स्वास्थ्यका जानकार रामविनय साह आवश्यक न्युनतम योग्यताका लागि नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची–६ मा उल्लेखित न्यूनतम योग्यता र अनुभव तथा नेपाल स्वास्थ्य सेवा ऐनको दफा १२ आकर्षित हुने बताउनुहुन्छ । "कानुन बाझिएको अवस्थामा विद्यमान सङ्घीय कानुनअनुसार हुने कुरा अनिवार्य व्यवस्था हो तर यहाँ त्यसको पालना भएको देखिँदैन । जसले गर्दा बढुवामा समस्या छ", साहले भन्नुभयो ।

नियमावलीको अनुसूची–६ मा हेल्थ इन्सपेक्सन र मेडिकल ल्याब टेक्नोलोजीतर्फ पनि अधिकृत नवौं तहमा बढुवा हुनका लागि कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त हुनुपर्ने भनिएको छ । त्यसैगरी ऐनको दफा १२ मा उमेर, नागरिकता, आचरणलगायतका विषयहरु उल्लेख छन् । तर प्रदेशमा भने अधिकृत नवौंदेखि ११ औँ तहसम्म सबैका लागि स्नातक तह उत्तीर्ण भएपुग्ने भन्दै धमाधम बढुवा भइरहेका छन् ।

उल्लेखित विषयमा सरोकारवालासँग बुझ्दा उहाँहरुको एकमत देखिदैन । गृह, सञ्चार तथा कानुन मन्त्रालयका उपसचिव ( कानुन) उत्तमप्रसाद खरेल विशिष्टकृत सेवासम्बन्धी प्रदेशको छुट्टै ऐन, नियमावली नआएको अवस्थामा वा सङ्घीय कानुनी व्यवस्थासँग बाझिएको अवस्थामा सङ्घीय कानुन नै मान्य हुने संवैधानिक व्यवस्था नै रहेको बताउनुहुन्छ । "हो, प्रदेश निजामती सेवा ऐन, २०७७ र नियमावली ७९ मा स्वास्थ्य सेवाका कर्मचारीको बढुवाका सम्बन्धमा धेरै कुरा स्पष्ट भनेको देखिँदैन । आफ्नै ऐन, नियम नभए वा कानुन बाझिएमा सङ्घीय कानुनमा टेकेरै काम गर्ने हो । बढुवा समिति त्यसभन्दा बाहिर जान सक्दैन । तपाईँले उठाएको विषयमा पनि सोहीअनुसार भएको होला", खरेलले भन्नुभयो ।

त्यसैगरी, मुख्य न्यायाधिवक्ता ठाकुर सङ्घीय सरकारले ऐन, कानुन समयमै नबनाइदिँदा प्रदेश सरकार र मातहतका निकायले गरेका हरेक निर्णयमा अदालत धाउनुपर्ने अवस्था आउने गरेको बताउनुहुन्छ । "सङ्घीय निजामती सेवा ऐन आएको छैन । अरु ऐन, नियम पनि समयसापेक्ष सुधार भएका छैनन् । सङ्घीय व्यवस्थाअनुसार प्रदेश सरकारलाई त अहिलेको व्यवस्थाअनुसारको ऐन, नियम चाहियो नि !", ठाकुरले भन्नुभयो, "तपाईँले उठाउनुभएको विषयको समस्या पनि त्यही हो । प्रदेश र मातहतका निकायले हरेक कुरा नियमभन्दा बाहिर गएर गर्छन् भन्ने भाष्य बन्दैछ । स्वास्थ्य सेवाका कर्मचारीको बढुवाको कुरा पनि त्यही हो । यदि गलत भएको छ भने त कानुनले उजुरबाजुर गर्ने अधिकार दिएकै छ । त्यसको प्रयोग भइरहेकै छ ।"

सचिव पुडासैनी स्वास्थ्य सेवाका कर्मचारी वा प्रदेश ऐनले प्रष्ट नभनेका विषयमा सङ्घीय कानुनलाई आधार मान्नुपर्नेमा आफूहरु प्रष्ट रहेको र त्यस्ता बढुवा लोकसेवा तथा सम्बन्धित मन्त्रालयका सचिवलगायतसँग छलफल गरेरै हुने गरेको बताउनुहुन्छ । "स्वास्थ्य सेवाका कर्मचारीको बढुवा गर्दा पनि गम्भीर छलफल भएको छ । नमिलेको अवस्थामा त उजुरी आई नै रहेका छन् । त्यसरी आएमा फेरि छलफल हुन्छ । त्यसमा पनि चित्त नबुझेमा अदालत जाने अभ्यास छँदैछ," पुडासैनीले अगाडि भन्नुभयो ।

सङ्घीयता कार्यान्वयनमा आएको छ वर्ष भयो । तर कार्यान्वयनका लागि आवश्यक कतिपय ऐन नियम अहिलेसम्म पनि बनेका छैनन् । जसका कारण प्रदेश तथा स्थानीय तहले आफूखुसी व्याख्या गरेर काम गरिरहेको आरोप छ । प्रदेश सरकार अधिकार लिने कुरामा अगाडि सरे पनि आर्थिक लगायतका दायित्व निर्वाहको कुरा आउँदा पन्छिने पनि गरेको छ । त्यसैकारण ६० वर्षसम्म सेवा गरेर अवकाशमा गएका दर्जनौं कर्मचारीलाई अवकाश पत्र नै नदिँदा सेवासुविधा रोकिएको छ ।

**प्रदेशबीच देखिएन एकरुपता**

निजामती कर्मचारीको अनिवार्य अवकाश पाउने उमेरहदतोक्दा प्रदेशका ऐनमा समेत एकरुपता देखिँदैन । मधेश, बागमती, गण्डकी र कर्णाली प्रदेशले प्रदेश निजामती कर्मचारीको अनिवार्य अवकाश पाउने उमेर ६० वर्ष राखेका छन् भने कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशले ५८ वर्षलाई नै अवकाश पाउने उमेरहद मानेका छन् ।

कोशी प्रदेशले ल्याएको 'प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको ऐन, २०७९ ले कर्मचारीको उमेरहदका विषयमा सङ्घीय कानुनलाई नै आधार मान्ने उल्लेख गरेको छ । कोशी प्रदेश ऐनको दफा ५७ मा 'सेवा शर्तसँग सम्बन्धित प्रचलित सङ्घीय कानुनले अनिवार्य अवकाशका लागि तोके बमोजिमको उमेर पूरा भएको कर्मचारीले निजामती सेवाबाट अनिवार्य अवकाश पाउने' उल्लेख छ । त्यस्तै, सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ ले पनि प्रदेश निजामती कर्मचारीको अनिवार्य अवकाश पाउने उमेरहद ५८ वर्ष तोकेको छ ।

लुम्बिनी प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० ले प्रदेश निजामती सेवाका कर्मचारीले ५८ वर्ष उमेर पूरा गरेपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउने उल्लेख गरेको छ । तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको स्वास्थ्य सेवाका कर्मचारीहरुको अनिवार्य अवकाशको उमेर हद भने ६० वर्ष हुने ऐनमा उल्लेख छ ।

मधेश प्रदेश निजामती सेवा ऐन २०७७ को दफा ५४ ले प्रदेश निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउने उल्लेख गरेको छ । बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ ले पनि निजामती कर्मचारीले ६० वर्ष पुगेपछि अनिवार्य अवकाश पाउने उल्लेख गरेको छ । गण्डकी प्रदेशको निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ ले गण्डकी प्रदेशले भने ऐन लागु भएको मितिले एक वर्षसम्मका लागि ५८ वर्ष, ऐन लागु भएको एक वर्ष अवधि पूरा भएपछिको थप एक वर्षसम्मका लागि ५९ वर्ष र तेस्रो वर्षबाट ६० वर्ष तोकेको छ । त्यसैगरी, कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० ले कर्मचारीको अनिवार्य अवकाशको उमेर ६० वर्ष रहने व्यवस्था गरेको छ ।

**उमेरहद ६० वर्ष बनाउनुपर्ने सुझाव**

नेपालको संविधान २०७२ को धारा २८५ को उपधारा १ मा देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकता अनुसार अन्य सङ्घीय सरकारी सेवाको गठन गर्नसक्ने प्रावधान राखेको छ । यस्ता सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी व्यवस्था पनि सङ्घीय ऐनअनुसार नै हुने संविधानमा उल्लेख छ । सोही धाराको उपधारा ३ मा प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानुन बमोजिम विभिन्न सेवाको गठन गर्नसक्ने उल्लेख गरेको छ । तर सङ्घ सरकारले निजामती सेवा ऐन बनाउन ढिलाइ गर्दा प्रदेश र केही स्थानीय तहले कानुन बनाएर विभिन्न सेवा गठन गरिसकेका छन् । सङ्घीय कानुनको व्यवस्थासँग बाझिएको हदसम्म प्रदेश र स्थानीय तहका कानुन अमान्य हुने भएपनि सङ्घीय कानुन नै नबनेपछि थप कानुनी प्रश्न उब्जिएको छ ।

त्यसो त, यसअघि विभिन्न समयमा गठित प्रशासनिक सुधार आयोग तथा समितिहरुले कर्मचारीको उमेरहद बढाउनुपर्ने र विभिन्न सेवा समूहमा एकरुपता कायम गर्नुपर्ने सुझाव दिएका देखिन्छन् । काशीराज दाहालको अध्यक्षतामा गठित उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको प्रतिवेदन २०७६ ले निजामती कर्मचारीको उमेरको हद ६० वर्ष बनाउनुपर्ने सुझाव दिएको थियो । सार्वजनिक निकायमा सेवा प्रवेश र अनिवार्य अवकाश हुने उमेरको हदको एकरुपता कायम गर्नुपर्ने सुझाव पनि दाहाल प्रतिवेदनले दिएको थियो । प्रस्तावित सङ्घीय निजामती सेवाको गठन, सञ्चालन, र सेवाशर्त सम्बन्धमा गर्न बनेको विधेयकको मस्यौदामा पनि निजामती कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने उल्लेख छ । तर, मस्यौदाकै रुपमा रहेको यो विधेयक संसदमा दर्तासमेत हुन नसक्दा कर्मचारी प्रशासनले भोगिरहेको यो झन्झट र उल्झन तल्काल समाधान हुन सक्ने देखिँदैन । सङ्घीय निजामती ऐन आएपनि त्यसले ऐन लागु हुनुअघिका विषयबारे बोल्छ कि बोल्दैन भन्ने कुरामा पनि कर्मचारीको चासो र चिन्ता छ ।

# विश्व समाचार

## कङ्गोको शरणार्थी शिविरमा भएको बम विस्फोटको यूनिसेफद्वारा निन्दा

किन्शासा, २ फागुन (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (यूनिसेफ) ले पूर्वी कङ्गो लोकतान्त्रिक गणतन्त्र (डीआरसी) मा विस्थापितहरूको शिविरमा भएको बम विस्फोटको निन्दा गरेको छ ।

हिंसाबाट भागेका परिवारहरू सुरक्षा प्रदान गर्ने ठाउँमा मृत्यु रण गर्नु तथा घाइते हुने कुरा अकल्पनीय भएको कङ्गोका लागि युनिसेफका प्रतिनिधि ग्रान्ट लेइटीले बताउनुभयो ।

उहाँले द्वन्द्वका सबै पक्षहरूलाई निर्दोष नागरिक तथा बालबालिकाको जीवन रक्षा गर्न आह्वान गर्नुभयो । अपराधीहरूलाई जवाफदेही बनाउन र बालबालिका र उनीहरूका परिवारका लागि सुरक्षा बलियो बनाउनु सरकारको जिम्मेवारी रहेको लेइटीले बताउनुभयो ।

उत्तरी किवु प्रान्तको साकेको बाहिरी इलाकामा विस्थापित मानिसहरूका लागि जाइना शिविरमा सोमबार भएको विस्फोटमा बालबालिकासहित केही व्यक्तिको मृत्यु हुनुका साथै केही घाइते भएका थिए ।

हालैका महिनाहरूमा पूर्वी कङ्गोमा भएको तीव्र द्वन्द्वले विशाल जनसङ्ख्यालाई आधारभूत मानवीय सहायताको आवश्यकता भएको छ ।

जनवरी २०२४ मा उत्तरी कीभूमा नयाँ विस्थापितहरूको सङ्ख्या सन् २०२३ जनवरी २३ को तुलनामा निकै बढी भएको छ । विज्ञप्ति अनुसार अहिले उक्त प्रान्तमा ११ लाख विस्थापित व्यक्ति रहेका छन् ।

## अनुदान निलम्बनले गाजामा मानवीय सहयोगको अभाव

अम्मान, २ फागुन (रासस/सिन्ह्वा) ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य निकाय (यूएन्आरडब्ल्यूए) ले मङ्गलबार यूएनआरडब्ल्यूएलाई आफ्नो सहयोग निलम्बन गर्ने देशले सहयोगबारे पुनर्विचार गर्नुपर्ने बताएको छ ।

यूएनआरडब्ल्यूएका सञ्चार निर्देशक जुलियट टुमाले जोर्डनको राजधानी अम्मानमा १६ दाता देशहरूले कोष निलम्बन गर्दा सहयतासम्बन्धी निकायलाई सन् २०२४ को लागि अपेक्षित आयको ५१ प्रतिशतभन्दा बढीबाट वञ्चित गर्ने बताउनुभयो ।

तौमाले उत्तरी गाजामा अनिकालको चेतावनी दिदै छ दिनका लागि केरेम सालोम क्रसिङ बन्द भएपछि सहायता प्राप्त गरिरहेको बताउदै सहायता प्रवेशमा धेरै प्रतिबन्धहरू रहेको उल्लेख गर्नुभएको छ ।

गाजा पट्टीको दक्षिणी क्षेत्र रफाहमा बिग्रँदै गएको अवस्थाबारे बोल्दै तौमाले कम्तिमा मानवीय युद्धविराम हनुपर्ने बताउनुभएको छ । उहाँले पूर्वाधारको अभाव र दुःखद मानवीय अवस्थाका कारण रफाहमा १४ लाखभन्दा बढी विस्थापितहरूको सुरक्षा चुनौती निरन्तर बढ्दै गएको छ ।

युएनआरडब्ल्यूएका केही कर्मचारी अक्टोबर ७ मा इजरायलविरुद्ध हमासले गरेको आक्रमणमा संलग्न भएको इजरायलले आरोप लगाएको थियो । आरोपपछि संयुक्त राज्य अमेरिका, बेलायत र क्यानडासहित १६ वटा दाता राष्ट्रहरूले युएन्आरडब्ल्यूएका लागि आफ्नो कोष निलम्बन गर्ने निर्णयको घोषणा गरेका छन् ।

## अफगानिस्तानको स्वास्थ्य सेवामा सुधार

काबुल, २ फागुन (रासस/सिन्ह्वा) ।

विगत दुई वर्षमा अफगानिस्तानमा स्वास्थ्य सेवामा सुधार आएको अफगान सरकारका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदले बताउनु भयो । उहाँले महिलाहरूलाई स्वास्थ्य क्षेत्रमा रोजगारीको अवसर पनि प्रदान गरिएको दावी गर्नुभयो ।

अफगानिस्तानमा तालिवान नेतृत्वमा सरकार गठन भएपछि हजारौँ किशोरी तथा महिला कामदारहरूलाई त्यहाँको इस्लाम कानूनको हवाला दिँदै रोजगारीबाट बञ्चित पारिएको स्थानीय महिला अधिकारकर्मी तथा मानवअधिकारका लागि काम गर्ने अन्तरराष्ट्रिय सङ्घ संगठनहरूले बताउँदै आएका छन् ।

टोलो न्यूजले बुधबार मुजाहिदलाई उद्धृत गर्दै उल्लेख गरे अनुसार विगतको तुलनामा स्वास्थ्य गतिविधिहरू बढेका छन् । केन्द्र तथा प्रान्तका अस्पतालहरू व्यवस्थित भएका छन् ।समयमै औषधि उपचारहरू उपलब्ध भइरहेका छन् ।

मुजाहिदले युद्धबाट तहस नहस बनेको अफगानिस्तानमा स्वास्थ्य क्षेत्रको अवस्था बिग्रँदै गएको रिपोर्ट आईरहेको समयमा समाचारहको खण्डन गर्दै उक्त दावी गर्नु भएको हो ।

यसैबीच, अफगान अन्तरिम सरकारले देशमा थप अस्पताल र स्वास्थ्य क्लिनिकहरू निर्माण गरेर स्वास्थ्य क्षेत्रमा थप सुधार गर्ने प्रतिवद्धता अनुसार काम गरिरहेको उहाँले बताउनुभयो ।

# पाँच लाख ५० हजारले पाए ‘अनलाइन’ बाट प्रहरी चारित्रिक प्रमाणपत्र

काठमाडौँ, २ फागुन (रासस)।

नेपाल प्रहरीले चालू आर्थिक वर्षको सात महिनाको अवधिमा पाँच लाख ५० हजार ६० जनालाई अनलाइनबाट प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) उपलब्ध गराएको छ।

गत साउनदेखि माघसम्मको अवधिमा सात लाख १० हजार नौ सय ४४ नेपाली तथा विदेशी नागरिकबाट अनलाइन आवेदन प्राप्त भएका थिए। प्राप्त आवेदनमध्ये एक लाख ४४ हजार दुई सय १२ वटा आवेदन रद्द भएका थिए भने १६ हजार छ सय ७२ आवेदन कार्यान्वयनको क्रममा रहेका केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ।

प्रहरी रिपोर्टसम्बन्धी काम नेपाल प्रहरी प्रधान कार्यालय सिआरएस (क्रिमिनल रेकर्ड सिस्टम) शाखाको सहयोगमा चालचलन शाखाले गर्दै आएको छ। उक्त शाखा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागअन्तर्गत रहेको छ। विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले आवेदन प्राप्त भएको पाँच दिनभित्रमा चारित्रिक प्रमाणपत्र उपलब्ध गराउँदै आएको बताउनुभयो।

# ‘नेपाल विश्वविद्यालय विधेयक’मा संशोधनकर्तासँग छलफल

काठमाडौँ, २ फागुन (रासस)।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले राष्ट्रियसभाबाट प्रतिवेदनसहित प्राप्त ‘नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०’ मा संशोधनकर्ता सदस्यसँग छलफल सुरु गरेको छ।

उक्त विधेयकमा ३६ जना सदस्यले आफ्ना संशोधन दर्ता गराउनुभएकामा मंगलबारदेखि छलफल सुरु भएको हो। बैठकमा सांसदले भएका विश्वविद्यालयलाई स्तरीय बनाउन लाग्नुपर्ने र थप विश्वविद्यालय आवश्यक छैनन् भन्दै नयाँ विश्वविद्यालयले उद्यमशील जनशक्ति उत्पादन गर्ने गरी काम गर्न जोड दिनुभयो। उहाँहरूले विश्वविद्यालयमा राजनीतिक भागबण्डा हुन नहुने र दक्ष जनशक्ति उत्पादन र रोजगारीको वातावरण हुनुपर्ने बताउनुभयो।

शिक्षा विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिलाकुमारीले मुलुकमा प्रगतिशील व्यावसायिक र प्राज्ञिक जनशक्ति उत्पादन गर्ने गरी सरकारले सो विधेयक ल्याएको जानकारी दिनुभयो।

मंगलबारको बैठकमा संशोधनकर्ता सांसद रघुजी पन्त, सूर्य ढकाल, मनिष झा, मैना कार्की, प्रेम सुवाललगायत सांसदले संशोधनको औचित्वबारे सैद्धान्तिक भनाइ प्रस्तुत गर्नुभएको थियो।

# नेपालको ‘तराई भू-परिधि’ विश्व सूचीमा समावेश

काठमाडौँ, २ फागुन (रासस)।

नेपालको तराई भू-परिधि ( बागमतीदेखि महाकालीसम्मको भूभागमा अवस्थित वन क्षेत्र) ‘पुनःस्थापनाको उत्कृष्ट नमूना’को विश्व सूचीमा समावेश भएको छ।

‘पारिस्थितिकीय प्रणाली पुनःस्थापनाको संयुक्त राष्ट्रसङ्घीय दशक’ले मंगलबार नेपालको तराई भू-परिधिलगायत विश्वका चर्चित वन तथा जैविक विविधता संरक्षणसम्बन्धी सात क्षेत्रलाई सो सूचीमा समावेश गरेको हो।

नेपालको तराई भू-परिधिसहित ‘मनग्रोभ रिजेनेरेसन इन श्रीलङ्का, अफ्रिकन फार्मर ट्रान्सफरमिङ फुड सिष्टम (माली, सेनेगल, तान्जानिया, युगाण्डा र केन्या), रिग्रिनिङ अफ्रिका ( इथियोपिया, घाना, केन्या, माली, नाइजर, रुवाण्डा, सेनेगल सोमालिया), ‘रेन्टोरिङ मेडिटेरेनियन फरेष्ट’ (लेवनान, मोरक्को, टयुनिसिमभ र टर्की), अक्सिअन अन्डिना (अर्जेन्टिना, बोलिभिया, पेरु, इक्वैडर र चिली), पाकिस्तानको लिभिङ इन्डुस पनि विश्व सूचीमा समावेश भएका छन्।

वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय वन्यजन्तु तथा संरक्षण विभाग तथा विश्व वन्यजन्तु कोषले मंगलबार यहाँ संयुक्तरुपमा पत्रकार सम्मेलन गरेर २४ वर्षमा विभिन्न चुनौतीलाई चिर्दै सरोकारवाला सबैको एकीकृत प्रयासका कारण उक्त भूभाग विश्व सूचीमा समेटिएको जानकारी दिइएको हो।

नेपाल सरकार, समुदायको संरक्षकत्व र नागरिक समाजको संलग्नतामा वन संरक्षण र पुनःस्थापना, वन्यजन्तको सङ्ख्यामा वृद्धि, पारिस्थितिकीय प्रणाली सेवा र अन्तरदेशीय जैविक मार्गको विस्तार तथा कार्यक्षमता बढाउन भएको योगदानका साथै सन् २००१ देखि हालसम्म तराई भू-परिधिमा ६८ हजार हेक्टर वन क्षेत्र संरक्षित भएकाले नेपाली भूभाग सूचीमा समेटिएको हो।

तराई भू-परिधि नेपालको वाग्मती नदीदेखि पश्चिममा भारतको यमुना नदीसम्म नौ सय किलोमिटरभन्दा बढी फैलिएको छ। यसले ५१ हजार दुई वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। पूर्वमा बागमती नदीदेखि पश्चिममा महाकाली नदीसम्म फैलिएको तराई भू-परिधिमा छ वटा संरक्षित क्षेत्र, चार वन संरक्षण क्षेत्र, तीन रामसार र धेरै जैविक मार्ग समेटिएको।

पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार नेपालको तराई भू-परिधि विश्व सूचीमा परेको घोषणा केन्याको नैरोबीमा मंगलबार गरिएको हो। यही फागुन १५ गते नेपाललाई त्यसवापत सम्मान गरिने छ। वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोलाई सरकारको प्रतिनिधित्व गर्दै त्यहाँ जानुहुने कार्यक्रम छ।

# माओवादी भेलाको प्रस्ताव : प्रचण्डले तत्काल प्रधानमन्त्री त्यागनुपर्छ, एमालेसहितको वाम एकताको पहल गर्नुपर्छ

**दैनिक समाचारदाता**
**काठमाडौं, २ फागुन।**

नेकपा माओवादी केन्द्रको जारी विधान सम्मेलनमा वृहत्तर पार्टी एकता र माओवादी आन्दोलनको रक्षाका लागि तत्काल प्रधानमन्त्री प्रचण्डले पद त्याग गर्नुपर्ने माग उठेको छ।

सम्मेलनमा ७ बुँदे प्रस्ताव पेश गर्दै पोलिटब्यूरो सदस्य तथा केन्द्रीय प्रचार विभागका सहइन्चार्ज महेश्वर दाहालले फराकिलो कम्युनिष्ट अन्तर्राष्ट्रिय बनाउनका लागि पार्टी अध्यक्षले तत्काल प्रधानमन्त्री त्यागेर अरुलाई अघि सार्दै एक्काइसौं शताव्दीको समाजवादी कार्यदिशा निर्माणको पहल गर्न सुझाएका हुन्।

प्रज्ञा भवनमा जारी बैठकमा विधान अधिवेशनमा उनले भने, ‘समाजवादमा जाने शर्तमा, समाजवादी कार्यदिशा निर्माण गरेर एमालेसहितका सबै वामपन्थी शक्ति र व्यक्तिहरुसँग एकताका लागि पहल बढाऔं। अधिकतम लचिलो बनेर माओवादी पार्टी र आन्दोलन पुनर्गठनका लागि हात अगाडि बढाऔं।’

अध्यक्ष प्रचण्डले सम्मेलन उद्घाटका क्रममा व्यक्त गरेको धारणालाई नै बल पुग्नेगरी आफूले सो प्रस्ताव राखेको भन्दै दाहालले अरु कमरेडलाई प्रधानमन्त्री बनाएर अध्यक्ष प्रचण्ड वृहत कम्युनिस्ट एकता तथा समाजवादी कार्यदिशा निर्माणमा केन्द्रित हुनुपर्ने बताए।

उनले कांग्रेससँगको गठबन्धन असहज रहेको भनेर प्रधानमन्त्रीले नै भनिसकेको अवस्थामा अब वाममोर्चा निर्माण गरेर हिजोको जस्तो होइन सिद्धान्त र वस्तुनिष्ठ पार्टी एकताको नेतृत्व प्रचण्डले गर्नुपर्ने बताएका छन्। प्रचण्डले कसैले आफूलाई तर्क र तथ्यसहित कन्भिन्स गरेमा अहिलेको गठबन्धन छाडेर नयाँ ढंगले जाने बताएका थिए।

उनले एकपटक मन्त्री भइसकेकालाई हटाएर नयाँलाई पठाउन प्रस्ताव गरेका छन्। उनले भने, ‘अध्यक्षले तत्काल प्रधानमन्त्री त्यागेर अरु कमरेडलाई अगाडि सारेर एक्काईसौं शताब्दीको समाजवादी कार्यदिशा निर्माण गर्न पहल बढाउनु पर्छ। एकपटक मन्त्री भइसकेकाहरुलाई हटाएर सबै नयाँ कमरेडहरुलाई मन्त्रीमण्डल लैजाऔं। अनुभवी कमरेडहरुलाई बरु नयाँ मन्त्रीहरुलाई गाइड गर्नका लागि पार्टीमा एउटा संयन्त्र बनाऔं।’

माओवादीमा पछिल्लो सयम वामपन्थी एकता, नेताहरुको विलाशी जीवनशैली, निर्वाचन प्रणालीलगायतको बिषयमा दबाब बढ्दै गइरहेको छ। अध्यक्ष प्रचण्डमाथि पनि परिवारवाद हाबी भएको आरोप लाग्दै आइरहेका छ।

**यस्तो छ उनको ७ बुँदे प्रस्ताव**

१. विधानको प्रस्तावनामा स्पष्ट भाषामा समाजवादी दर्शन र मूल्य मान्यतालाई उल्लेख गर्न आवश्यक छ जो हाम्रो विधानको आधार हो र हुनुपर्छ। हाम्रा मुख्य उद्देश्य र दिशा यसले निर्धारण गर्न सक्नुपर्छ। जुन उद्देश्यले सामाजिक, आर्थिक लक्ष्य स्थापित गर्न सकियोस्।

२. सकेसम्म केन्द्रीय सदस्यहरुको परिवारको सम्पत्ति पार्टीकरण गरेर सामूहिकतामा जान बल गरौं। यदि तत्काल यो सकिदैंन भने श्रीमती, परिवारका अन्य सदस्यको सम्पत्ति छुट्याएर कमसेकम केन्द्रीय सदस्यहरुको सम्पत्ति पार्टीकरण गर्ने कार्य आजदेखि नै कार्यान्वयन गरौं। पार्टीलाई समाजवादीकरण दिशामा लैजान पहल गरौं।

नयाँ जनवादी क्रान्तिको तयारीमा पार्टीले केन्द्रीय सदस्यहरुको एक हिस्सा सम्पति पार्टीकरण गरेको हो। केन्द्रीय नेताहरुको यो पहलले पार्टी कार्यकर्ता र जनतामा त्याग, वलिदानको भावना विकास भएको हो। समाजवादी यात्रामा जानका लागि फेरि कमसेकम केन्द्रीय सदस्यहरुमा त्यो त्याग भावनाको विश्वास पैदा गर्न अत्यावश्यक छ। क्रान्तिकारी विचारसँगै क्रान्तिकारी आचरणलाई पनि जोड दिऔं।

३. इतिहासका अनुभव र एक्काईसौ शताब्दीको जनवादको विकासको कार्यान्वयन ढिला भएको छ। जनयुद्धकालमा पारित गरिएको यो विषयलाई ठोस, मूर्तिकृत गर्दै कार्यान्वयन जरुरी छ।

त्यसमा लेखिएको छ, अनुभवले सावित गरेको छ कि राज्यसत्ता कब्जा गरिसकेपछि पार्टीका तमाम नेता तथा कार्यकर्ताहरु राज्यसत्ता सञ्चालनमा मात्र संलग्न हुँदा भौतिक परिवेशले नै पार्टीलाई क्रमशः नोकरशाही, पदलोलुप र सुविधा सम्पन्न वर्गमा परिणत गर्ने खतरा तीब्र र प्रबल बनेर जान्छ।

यस प्रकारको खतराको तीब्रता र प्रबलतासँगै पार्टीको जनसमुदायसँगको सम्बन्ध त्यही अनुपातमा औपचारिक र अलगथलग बन्दै जान्छ। त्यो प्रक्रिया आफ्नो विकासको एउटा निश्चित विन्दुमा पुगिसकेपछि त्यो अनिवार्य रुपले प्रतिक्रान्तिमा बदलिन पुग्दछ।

प्रतिक्रान्तिको यस्तो खतरालाई रोक्नका लागि दुई लाइन संघर्ष र निरन्तर क्रान्तिको सिद्धान्तअनुसार पार्टीलाई सर्वहारा वर्ग र श्रमजीवी जनसमुदायको निगरानी, नियन्त्रण र सेवामा राख्ने संगठनात्मक विधि र मान्यतामा अझै विकास गर्न जरुरी छ।

यसका लागि पार्टीभित्र चल्ने दुई लाइन संघर्षमा व्यापक जनसमुदायको सहभागिता सुनिश्चित गर्ने तथा सक्षम र स्थापित नेताहरुदेखि कार्यकर्ताहरुसम्मको एउटा हिस्सा निरन्तर जनकार्यमा र अर्को हिस्सा सत्ता संचालनमा लाग्ने र निश्चित अवधिको अन्तरमा कार्यविभाजनमा हेरफेर गरी सिंगो पार्टीको जनसमुदायसँगको सम्बन्धलाई सजीव राख्न विशेष आवश्यक छ।

अहिले उत्पीडित वर्गको राज्यसत्ता कब्जा नगरेको अवस्थामा त झन प्रमुख नेतृत्वसहित पदाधिकारी, स्थायी समितिका नेताहरु नै सरकारमा पटक पटक जाने, लामो समय रहँदा कम्युनिस्ट पार्टी र आन्दोलनलाई धेरै नै ठूलो क्षति पुर्याएको छ।

नेपालमा मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनलाई नै दिशा दिनका लागि पार्टी अध्यक्ष प्रचण्डले सबैभन्दा बढी मेहनत गर्नुपर्ने बेला छ यतिबेला। फराकिलो कम्युनिस्ट अन्तर्राष्टिय बनाउनु पर्छ। नयाँ, विकसित रिम बनाउनु पर्छ।

यसका लागि अध्यक्षले तत्काल प्रधानमन्त्री त्यागेर अरु कमरेडलाई अगाडि सारेर एक्काईसौं शताब्दीको समाजवादी कार्यदिशा निर्माण गर्न पहल बढाउनु पर्छ। एकपटक मन्त्री भइसकेकाहरुलाई हटाएर सबै नयाँ कमरेडहरुलाई मन्त्रीमण्डल लैजाऔं। अनुभवी कमरेडहरुलाई बरु नयाँ मन्त्रीहरुलाई गाइड गर्नका लागि पार्टीमा एउटा संयन्त्र बनाऔं।

४. यतिबेला नेपालमा वामपन्थी पार्टी र आन्दोलन ठूलो संकटमा छ। समाजवादमा जाने शर्तमा, समाजवादी कार्यदिशा निर्माण गरेर एमालेसहितका सबै वामपन्थी शक्ति र व्यक्तिहरुसँग एकताका लागि पहल बढाऔं।

अधिकतम लचिलो बनेर माओवादी पार्टी र आन्दोलन पुनर्गठनका लागि हात अगाडि बढाऔं। सरकार, सदन र सडकलाई एकीकृत र व्यवस्थित रुपमा लैजानुपर्छ। सडक र संसारलाई बलियो बनाउनु पर्छ। लाखौं नेपाली श्रमिकहरु संसारभरि नै रहेकाले पनि त्यहाँको संगठनात्मक कामलाई पनि विशेष जोड दिन आवश्यक छ।

५. पार्टीभित्र प्रत्यक्ष निर्वाचनमा जान जरुरी छ। अध्यक्षसहित सबै पदाधिकारी, स्थायी समिति, केन्द्रीय सदस्य र सबै तहको निर्वाचन प्रत्यक्षरुपमा गरौं। यसले पार्टीमा नयाँ नेतृत्वको विकासका लागि ढोका खोल्नेछ।

६. पार्टीभित्र भएका सबै अनियमितता रोक्न अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने।

७. विधानको पूर्वसन्ध्यामा वैकल्पिक केन्द्रीय सदस्य थपेर यो विधान अधिवेशनलाई नै पंगु बनाइयो। जो जो कमरेडहरू बन्नुभयो, न्याय नै भएको छ तर प्रक्रिया गलत अपनाइयो। अहिले केस थपेर विशेष अधिवेशन पन्छ्याएको भन्ने देखिदैंन ?

एबिसी न्युजबाट

# विद्यालयमा खेल पाठ्यक्रम लागू हुँदै

भक्तपुर, २ फागुन (रासस)।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङले सरकारले आगामी आर्थिक वर्षबाट राज्यको १६औँ योजनामा खेलकुदलाई समावेश गर्ने तयारी गरेको बताउनुभएको छ।

बुधबार नेपाल सितेरियो सोबुकान कराते डो संघअन्तर्गत मध्यपुर कराते एकेडेमीको चौथो वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा उहाँले सरकारले बजेटसहित १६औँ योजनामा खेलकुदलाई समावेश गर्ने तयारी गरेको बताउनुभएको हो।

उहाले भन्नुभयो, “जबसम्म विद्यालय तहमा खेलकुदलाई अनिवार्य गरिँदैन तबसम्म ठूला अन्तर्राष्ट्रिय पदक जित्न गाह्रो छ, त्यसैले सरकारले आगामी वर्षदेखि विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अनिवार्य विषयका रुपमा समावेश गर्दै सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गर्ने गरी व्यवस्था गर्न गराउन परिषद् लागि रहेको छ, यसो हुन सके खेलकुदका ठूला प्रतियोगितामा देशले ठूला नतिजा हासिल गर्न सक्छ।”

देशमा अब खेलेर पनि जीवन धान्न सकिने अवस्था आएको भन्दै उहाँले खेल र खेलाडीलाई व्यावसायिक बनाउन परिषद् लागि रहेको बताउनुभयो। सदस्य सचिव घिसिङले भन्नुभयो, “राज्यलाई पदक दिलाइ रहँदा खेलाडीले चाही के पाउने भन्ने सवाल उठिरहन्छ, अब खेलाडीले पनि पाउने व्यवस्था गरिएको छ, यसपाली मात्रै ओलम्पिकमा स्वर्ण पदक प्राप्त गर्ने खेलाडीलाई सरकारले रु एक करोड ३३ लाख नगद पुरस्कारको व्यवस्था गरेको छ, यस्ता पुरस्कारको व्यवस्था थप गर्दै लेगेको छ।”

खेलाडीलाई बीमाको नीति नै नभएको हाम्रो देशमा राखेपकै पहलमा खेलकुद बीमाको व्यवस्था गरेको जनाउँदै उहाँले खेलकुद विज्ञान भएकाले व्यावसायिक प्रशिक्षक उत्पादन गर्दै व्यावसायिक खेलाडी उत्पादन गर्न खेलकुद ल्याव स्थापना गर्न लागि परेको चर्चा गर्नुभयो।

उहाँले खेलकुदको विकास गर्न तीन तहकै सरकार सक्रिय हुनुपर्नेमा जोड दिँदै स्थानीय तहको सरकार जिम्मेवार भएर लाग्नुपर्ने र विद्यालय तहमा अनिवार्य खेलकुदको प्रशिक्षण लागू गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका पूर्वप्रमुख एवं मध्यपुर कराते एकेडेमीका संरक्षक मदनसुन्दर श्रेष्ठले ट्रलिबस कार्यालयको सब स्टेशनका रुपमा रहेको भवन प्रयोगविहीन रुपमा खेर गइरहेको अवस्थामा आफू नगर प्रमुख हुँदा सदुपयोग गर्दै करातेको एकेडेमी बनाउन सफल भएको बताउनुभयो।

एकेडेमीका अध्यक्ष सजन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष रामसुन्दर श्रेष्ठलगायतले मध्यपुरमा फुटबलमा जस्तै करातेमा पनि खेलाडी उत्पादनमा सक्रिय रहेको बताउनुभयो। कार्यक्रममा सुरेश महर्जन र सुनिल श्रेष्ठलाई सम्मान गरिनाका साथै विभिन्न खेलाडीलाई प्रमाणपत्र प्रदान गरिएको थियो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*